# साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### मानेभन्ज्याङ खोटाङ
१ प्रदेश नेपाल

## सूचना !  सूचना ! !  सूचना ! ! !

अति जरुरी सूचना !
प्रकाशित मिति : २०७६/१०/२६

प्रस्तुत विषयमा साकेला गाउँपालिका वडा नं. ४ अन्तर्गतको नौलाखर्क-हुपापु-आहाले-मानेगाउँ-छाँगे खोला हुँदै धँगेरी धिप्लुङ छाँगा सडक स्तरोन्नति योजनाको उपभोक्ता समिति गठन गर्दा पद्धति र प्रकृया विपरित भएको भन्दै यस कार्यालयमा मिति २०७६/०६/०५ गते उजुरी निवेदन पर्न आएको व्यहोरा सबैमा विदितै होला । सो उजुरी निवेदनका सम्बन्धमा बिभिन्न समय र तहमा छलफल तथा भेला बसी समस्याको निकास दिन भरमग्दुर प्रयास गरिएको भए पनि हालसम्म उक्त विवाद यथावत नै रहेको सन्दर्भमा सम्बन्धित सरोकारवाला र सम्पूर्ण उपभोक्ताहरुसँग आवश्यक छलफल तथा विमर्श गरी सकारात्मक निश्कर्षमा पुग्ने उद्देश्यले साकेला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तपशिलमा उल्लिखित मिति, समय र स्थानमा उपभोक्ता भेलाको आयोजना गरेको हुँदा सम्बन्धित सरोकारवाला तथा सम्पूर्ण उपभोक्ता महानुभावहरुलाई उक्त भेलामा उपस्थित भई दिनु हुन यसै सूचना मार्फत हार्दिक अनुरोध गरिन्छ ।

तपशिल :
भेला हुने मिति : २०७६/११/०३ गते ।
भेला हुने समय : दिनको ११ बजे ।
भेला हुने स्थानः साकेला गाउँकार्यपालिकाको कार्यालय, मानेभन्ज्याङ ।

(दुर्गा बहादुर राई)
नि. प्रमुख प्रशासकीय अधिकृत